# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོད་རོང་ཋོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་སྔན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल


प.सं. २०८०/०८१

च.नं.

नदिजन्य पदार्थको विक्री सम्वन्धी सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा (६) अनुसार यस नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको सोलुदुधकुण्ड नगरपालिका वडा नं २, स्थित बेनी खोलाको बेनी हाइड्रो पावरको डयाम साइट व्यवस्थापन गर्ने क्रममा संकलन गरि घाटगद्धी गरिएको ढुङ्गा, गिट्टी, वालुवा आदि एकमुष्ट विक्रि वितरण गर्ने कार्यका लागि देहाय वमोजिमको परिमाणको न्यनतम कवोल अंकलाई आधार मानी वढावढको माध्यमवाट विक्री वितरणका लागि यो सूचना आव्हान गरिएको छ। सामग्री लिन ईच्छुक ढुङ्गा, गिट्टी, वालुवा आदिको कारोवार गर्ने गरी ईजाजत प्राप्त फर्म वा कम्पनीहरुले नवीकरण भएको प्रमाण पत्र. मूल्य अभिवृद्धि कर प्रमाण पत्र र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी वोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । साथै वोलपत्र खरीद गर्दा सोलुदुधकुण्ड नगरपालिकाको रा.वा. वैंक, सल्लेरी शाखामा रहेको राजश्व खाता नं. २०२०१०३०१०१०००५ र धरौटी खाता नं. २०२०१००३०३००००५ मा देहाय वमोजिमको टेण्डर दस्तुर/धरौटी वापतको रकम दाखिला गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । अन्य विस्तुत जानकारीको लागि यस नगरपालिकाको वेभसाइट www.solududhkundamun.gov.np मा गई यस विषयमा विस्तृत जानकारी लिन सक्नु हुनेछ ।

तपसील

| ठेक्का नं | कुल परिमाण (घ.मी.) | न्युनतम कवोल अंक रु. कर वाहेक | धरौटी रकम रू. | टेण्डर फाराम दस्तुर रू. | कैफियत |
|---|---|---|---|---|---|
| ०७/०८०/०८१ | १,५८,०४७.६० | २३,४६,५००.०० | २,३४,६५०.०० | ३,०००.०० | |
| कुल जम्मा | | २३,४६,५००.०० | | | |

कोपिला राई

प्रमुख प्रशासकीय अधिकृत

## शर्तहरु

१. तोकिएको स्थान सोलु दु.न.पा. २, वेनी खोला दोभानको घाटगद्धी गरिएको क्षेत्रवाट मात्र नदि जन्य पदार्थ उठाई लैजानु पर्नेछ।

२. सूचना प्रकाशन भए वमोजिम खरीद भएका वोलपत्रहरु सूचना प्रकाशन भएको मितिले ८ औं दिनको १२.०० वजेभित्र दाखिला गरि सक्नु पर्नेछ र सोही दिन २.०० वजे वोलपत्र खोलिनेछ।

३. ठेक्का कवोल गर्न इच्छुक व्यक्ति/फर्मले कवोल अंकको १० प्रतिशतले हुन आउने धरौटी रकम अग्रीम रूपमा जम्मा गर्नु पर्नेछ । धरौटी वापतको रकम यस सोलुदुधकुण्ड नगरपालिकाको नाममा रहेको रा.वा.वैंक, सल्लेरी, शाखामा रहेको धरौटी खाता नं. २०२०१००३०३००००५ मा नगदै जम्मा वा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त वाणिज्य वैंकले जारी गरेको विडवण्डको सक्कल प्रति संलग्न गर्नु पर्नेछ।

४. कवोल रकम अंक र अक्षरमा प्रष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

५. वोलपत्र दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तोकिएकै समयमा वोलपत्र दाखिला गर्न सकिनेछ।

६. रितपूर्वक दाखिला भएको वोलपत्रहरु मध्ये घटी वा वढी कवोल वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्ध गर्ने वा सूचना संशोधन आदि लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ साथै कुनै शर्त सहितको वोलपत्र स्वीकार्य हुने छैन।

७. कवोल गरेको रकम बुझाए पश्चात मात्र नदि जन्य पदार्थ उपलव्ध गराइनेछ।

८. ठेक्का कवोल गर्ने व्यक्तिले वोलपत्र स्वीकृत भए पश्चात कवोल गरेको रकम कार्यालयमा दाखिला गरि अविलम्व सामग्री उठाई लैजानु पर्नेछ।

९. ठेकेदारले यस नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ । कार्यालय र ठेकेदार वीच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ।

१०. प्रचलित नियमानुसार कालो सूचीमा परेका र नगरपालिकाको कार्यालयलाई वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीको वोलपत्र उपर कुनै कारवाही हुने छैन।

११. ठेकेदारले घाट क्षेत्रमा फोहोर मैलाको उचित व्यवस्थापन गर्नु पर्नेछ। वस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानी कार्य गर्न लगाउनु पर्नेछ।

१२. घाटगद्धी क्षेत्र वाहेक अन्यत्र ढुङ्गा, गिट्टी, वालुवा संकलन गरी सडक तथा सार्वजनिक स्थलमा जम्मा गर्न पूर्ण रुपमा वन्देज गरिएको छ।

१३. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछन्।

१४. यस सूचनामा उल्लेख भएका विषय यसै सूचना वमोजिम र यसमा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम वमोजिम हुनेछ।

१५. विक्री भएको नदि जन्य पदार्थ नगरपालिका क्षेत्रभित्र संचालन हुने आयोजनालाई मुख्य प्राथमिकतामा राखि निकासी गर्नु पर्नेछ।

कोपिला राई
प्रमुख प्रशासकीय अधिकृत